# रोभिङ्ग अ.न.मी.हरु

रोभिङ्ग अ.न.मी.हरु तपाई र तपाईहरुको परिवार स्वस्थ राख्नको लागी यहाँहरुकै गाउँघरमा छन् ।

## रोभिङ्ग अ.न.मी.हरुले के के गर्छन् ?

महिलाहरुको महिनावारी चक्रमा गर्भ रहने र  नरहने कुन–कुन दिनहरु पर्दछन् भन्ने कुराको जानकारी गराउनु ।

परीवार नियोजनका साधनहरु (कन्डम, स्तनपान विधि, खाने चक्की, तीन महिने सुई वा डिपो र मालाचक्र) बारे परामर्श र सेवा दिनु ।

गर्भवती, सुत्केरी पछिको स्याहार र नव शिशु सम्बन्धि परामर्श तथा सेवा दिनु ।

स्वास्थ्य संस्थाबाट दिईने सेवाहरु लिनमा मद्धत गर्नु ।

## रोभिङ्ग अ.न.मी. हरुले कसरी सेवा दिन्छन् ?

- तपाई, तपाईको श्रीमान्, सासु तथा ससुरालाई घरदैलो भेट गरी परिवार नियोजन, गर्भवती, सुत्केरी पछिको स्याहार र नव शिशु स्वास्थ्य सम्बन्धि परामर्श तथा सेवा दिने ।
- समाजका मुख्य तथा प्रभाव पार्ने व्यक्तिहरु र  प्रतिनिधिहरुसंग सहकार्य गरी परिवार नियोजन, मातृ तथा नव शिशु स्वास्थ्य सेवामा पुरुषको सहभागी गराई सेवा दिने ।
- तपाई, तपाईको साथीसंगी र सामुदायका अन्य व्यक्तिहरुसंग सहकार्य  गरी परिवार नियोजनका साधनको प्रयोगमा बृद्धि र सुत्केरी पछिको स्याहार तथा नव शिशु स्वास्थ्य सेवाको पहुचँ बढाउने काम गर्छन् ।